सन्धिखर्क नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्या २०८३/८४ मितिः २०८३/०७/२०
चलानी नं.: ने.सं ११४६

शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्वको शुभकामना साथै अत्यन्त जरुरी सूचना !!!

नेपालीहरुको महान चाडहरू शुभ दीपावली (तिहार), छठ पर्व-२०८३ तथा नेपाल संवत् को अवसरमा सन्धिखर्क नगरपालिका भित्र बस्नुहुने सम्पूर्ण नगरवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
साथै, चाडपर्वलाई सभ्य, सुरक्षित, मर्यादित र व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि सम्पूर्ण नगरवासी, व्यापारी महानुभावहरू तथा सरोकारवालाहरूमा निम्न विषयहरू पालना गर्नुहुन यो सूचना जारी गरिएको छः

- **१. प्लास्टिकका माला बिक्रीवितरण तथा प्रयोग निषेधः**

  वातावरण संरक्षण र स्थानीय स्वरोजगारलाई प्रोत्साहन गर्ने उद्देश्यले यस वर्षको दीपावलीमा बजारमा प्लास्टिकका मालाहरुको आयात, बेचबिखन तथा प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ। स्थानीय स्तरमा उत्पादित फूल तथा प्राकृतिक मालाहरूको प्रयोग गर्नुहुन अनुरोध छ।

- **२. पटका तथा आतिसवाजी निषेधः**
  ध्वनि प्रदूषण, वायु प्रदूषण तथा आगलागी जस्ता ठूला दुर्घटनाहरूबाट बच्नका लागि कुनै पनि प्रकारका पटका, विष्फोटक पदार्थ, भुइँचम्पा तथा आतिसवाजी (Fireworks) पड्काउन, खरिदबिक्री गर्न र भण्डारण गर्न पूर्ण रूपमा प्रतिबन्ध गरिएको छ।

- **३. फुटपाथमा व्यापार गर्न निषेधः**
  चाडपर्वको समयमा बजार क्षेत्रमा अत्यधिक भीडभाड हुने र यातायात आवागमनमा अवरोध सिर्जना हुने भएकाले सन्धिखर्क बजारका मुख्य-मुख्य सडकहरूका फुटपाथमा पसल थापेर वा ठेला, सामान राखेर व्यापार गर्न निषेध गरिएको छ। आफ्नो सटर, पलस भित्र मात्रै व्यापारिक गतिविधि सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ।

यी नियमहरूको उल्लङ्घन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही गरिने व्यहोरासमेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

(कृष्ण प्रसाद श्रेष्ठ)
नगर प्रमुख